**प्रमुख समाचार:**

- **राजा चोल र राजेन्द्र चोलको नाम भारतको पहिचान र गौरवको पर्यायवाची भएको प्रधानमन्त्री नरेन्द्र मोदीको भनाइ**

- **आकाशवाणीमा मन की बात कार्यक्रममा आफ्ना विचारहरू साझा गर्दै भारतमा बनेका उत्पादनहरू किन्न र बेच्न मानिसहरूलाई प्रधानमन्त्री नरेन्द्र मोदीको आग्रह**

- **उत्तराखण्डको हरिद्वारमा रहेको मनसा देवी मन्दिर जाने बाटोमा भागदौड हुँदा छ जनाको मृत्यु**

- **अनि जर्मनीको विश्वविद्यालय खेलकुदमा भारतीय धावक सीमा, पाँच हजार मिटर दौडमा पदक जित्ेर इतिहास रच्न सफल**

**PM- Rajendra Chol**

प्रधानमन्त्री नरेन्द्र मोदीले तमिलनाडुको अरियालुर जिल्लामा आज महान चोल सम्राट राजेन्द्र चोल प्रथमको जन्मजयन्तीको अवसरमा आदि तिरुवाथिराई महोत्सवको समापन समारोहलाई सम्बोधन गर्नुभयो। यस अवसरमा बोल्दै, श्री मोदीले राजा चोल र राजेन्द्र चोलको नाम भारतको पहिचान र गौरवको पर्यायवाची भएको बताउनुभयो।

प्रधानमन्त्रीले भारतका महान सम्राटहरू मध्ये एक राजेन्द्र चोल प्रथमको सम्मानमा एक स्मारक सिक्का पनि जारी गर्नुभयो। आजको उत्सव राजेन्द्र चोल प्रथमको दक्षिणपूर्वी एसियामा समुद्री अभियान र युनेस्को-सूचीबद्ध गंगाईकोंडा चोलापुरम मन्दिरको निर्माणको १००० औं वार्षिकोत्सवसित पनि जोडिएको छ। आदि तिरुवाथिराई महोत्सव २०२५ राजेन्द्र चोल प्रथमको स्थायी विरासत र चोल राजवंशको सांस्कृतिक प्रतिभाको लागि एक भव्य श्रद्धांजलि हो।

## **PM - Mann Ki Baat**

प्रधानमन्त्री नरेन्द्र मोदीले २१ औं शताब्दीको भारतमा विज्ञान नयाँ ऊर्जाका साथ अगाडि बढिरहेको बताउनुभएको छ। आज आकाशवाणीमा मन की बात कार्यक्रममा उहाँले शुभांशु शुक्लाको अन्तरिक्षबाट सुरक्षित पुनरागमनले देश गर्वले भरिएको बताउनुभयो। प्रधानमन्त्रीले बालबालिकाहरूमा नवप्रवर्तनलाई प्रवर्द्धन गर्न सुरु गरिएको इन्स्पायर-मानक अभियानमा लाखौं बालबालिका सामेल भएकोमा खुशी व्यक्त गर्नुभयो। प्रधानमन्त्रीले अन्तर्राष्ट्रिय रसायन विज्ञान ओलम्पियाडमा पदक जितेर भारतको नाम गौरव ान्वित गर्ने विद्यार्थीहरूको चर्चा गर्नुभयो। श्री मोदीले आत्मनिर्भरत ामाथि जोड दिँदै देशवासीहरूलाई प्रत्येक भारतीयले पसिना बगाएर उत्पाद गरेको कुरा मात्र किन्न र बेच्न आग्रह गर्नुभयो। प्रधानमन्त्रीले शताब्दीयौंदेखिका प्राचीन पाण्डुलिपिहरूलाई डिजिटलिकरण गरिने उल्लेख गर्दै यसले विश्वभरका विद्यार्थीहरू र अनुसन्धानकर्ताहरू भारतको ज्ञान परम्परासँग जोडिन सक्षम हुने बताउनुभयो। श्री मोदीले विगतमा धेरै युवा खेलाडीहरू र उनीहरूका अभिभावकहरूबाट प्राप्त सन्देशहरूमा खेलो भारत नीतिको अत्यधिक प्रशंसा गरिएको चर्चा गर्नुभयो।

प्रधानमन्त्रीले स्वच्छ भारत अभियान अब एक जनआन्दोलन बनेको उल्लेख गर्दै यस वर्षको स्वच्छ सर्वेक्षणमा साढे चार हजार भन्दा बढी शहरहरू संलग्न रहेको बताउनुभयो।

## **Rajnath – Convocation**

रक्षामन्त्री राजनाथ सिंहले अपरेशन सिन्दूरको सफलतामा निर्बाध रसद व्यवस्थापन निर्णायक कारक रहेको बताउनुभएको छ। श्री सिंहले आज भर्चुअल माध्यमबाट गुजरातको बडोदरास्थित गति शक्ति विश्वविद्यालयको दीक्षान्त समारोहलाई सम्बोधन गर्दै यो कुरा बताउनुभएको हो। उहाँले रसदलाई केवल सामान पुर्‍याउने प्रक्रियाको रूपमा मात्र हेर्नु हुँदैन भन्ने कुरामा जोड दिनुभयो। श्री सिंहले रसदलाई देशको आर्थिक प्रगतिको एक प्रमुख स्तम्भको रूपमा वर्णन गर्नुभयो, जसले उत्पादनदेखि उपभोगसम्मको प्रत्येक चरणलाई जोड्दछ। उहाँले रसदले भारतको कुल ग्राहस्थ उत्पादनमा महत्त्वपूर्ण स्थान ओगटेको उल्लेख गर्दै कोभिडको समयमा यसको भूमिकालाई पनि जोड दिनुभयो। यस अवसरमा रेलमन्त्री अश्विनी वैष्णवले विगत ११ वर्षमा भारतीय रेलवेमा भएका महत्वपूर्ण परिवर्तनहरूको उल्लेख गर्नुभयो। उहाँले पछिल्लो एक वर्षमा रेल सञ्जाल ५३०० किलोमिटरसम्म विस्तार गरिएको र ३ हजार ६८ किलोमिटरसम्म सुरुङ निर्माणको काम गरिएको बताउनुभयो। यस क्षेत्रमा नवीनताको महत्त्वलाई जोड दिँदै, श्री वैष्णवले स्नातक विद्यार्थीहरूलाई भारतको विकास यात्रामा योगदान पुर्‍याउन प्रेरित गर्नुभयो।

**समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ....**

**Uttarakhand – Stampede**

उत्तराखण्डको हरिद्वारमा मनसा देवी मन्दिर जाने बाटोमा भागदौड हुँदा ६ जनाको मृत्यु भएको छ भने २० जना घाइते भएका छन्। हाम्रा संवाददाताका अनुसार उच्च भोल्टेजको बिजुलीको तार खस्दा भागदौड मच्चिएको हो। राष्ट्रपति द्रौपदी मुर्मु र प्रधानमन्त्री नरेन्द्र मोदीले यस घटनामा ज्यान गुमाउनेप्रति दुःख व्यक्त गर्नुभएको छ।

**Punjab Police – Smuggling**

पञ्जाब प्रहरीले अमृतसरमा अत्याधुनिक हतियार र लागूऔषधको तस्करीको एक ठूलो सीमापार सञ्जाल पत्ता लगाएको छ। यस सम्बन्धमा, पाकिस्तानमा आधारित ISI सँग सम्बन्ध रहेको आरोपमा पाँच जनालाई पनि पक्राउ गरिएको छ।

**Chattisgarh – Encounter**

छत्तीसगढको बीजापुर जिल्लामा हिजो सुरक्षा बलसँगको भिडन्तमा चार माओवादी मारिए। मृतक माओवादीहरूको शव बरामद गरिएको छ। हिजो साँझदेखि सुरक्षा बल र नक्सलीहरू बीच बारम्बार गोलीबारी भइरहेको छ।

**J & K – Amarnath Yatra**

जम्मू कश्मीरको पवित्र अमरनाथ गुफाको यात्रा निर्बाध रूपमा जारी छ। कडा सुरक्षाका बीच, जम्मूको भगवती नगर आधार शिविरबाट लगभग दुई हजार एक सय सन्तानब्बे तीर्थयात्रीहरूको २५ औं समूह उपत्यकातर्फ प्रस्थान गऱ्यो।

**Kalam- Death Anniversary**

देशले आज पूर्व राष्ट्रपति तथा प्रख्यात वैज्ञानिक डा. एपीजे अब्दुल कलामलाई उहाँको पुण्यतिथिमा श्रद्धाञ्जली अर्पण गर्दैछ। डा. कलामले देशको अन्तरिक्ष र क्षेप्यास्त्र कार्यक्रममा महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएको थियो।

**Odisha – Flood**

ओडिशाका धेरै क्षेत्रहरूमा बाढीको खतरा बढ्दै गएको छ। राज्यको उत्तरी भागका धेरै गाउँहरू डुबानमा परेका छन्, तटबन्धहरू भत्किएका छन् र सामान्य जीवन अवरुद्ध भएको छ।

**Sports News**

अब खेल  प्रसंगः जर्मनीमा भएको **विश्वविद्यालय खेलकुदमा** भारतीय खेलाडी सीमाले पाँच हजार मिटर दौडमा रजत पदक जितेर इतिहास रचेकी छिन्। उनी यस श्रेणीमा पदक जित्ने देशकी पहिलो भारतीय महिला हुन्। अर्कोतर्फ, भारतीय आर्चर साहिल जाधवले पुरुष कम्पाउन्ड व्यक्तिगत स्पर्धामा स्वर्ण पदक जितेक ा छन्। आर्चरीमा भारतले कुल पाँच पदक जितेको छ। प्रतियोगिताको ट्रिपल जम्प इभेन्टमा प्रवीण चतुर्वेलले रजत जितेक ा छन्। विश्व विश्वविद्यालय खेलकुदमा भारतले अहिलेसम्म कुल नौ पदक जितेको छ। अर्कोतर्फ, जर्जियाको बटुमीमा आयोजित **FIDE महिला चेस विश्वकपको** फाइनलमा कोनेरु हम्पी र दिव्या देशमुख बीचको पहिलो खेल बराबरीमा सकिएको छ। फाइनलको दोस्रो खेल आज खेलिनेछ। यसैगरी, **म्यानचेस्टरमा भइरहेको एन्डरसन-तेंडुलकर क्रिकेट शृङ्खलाको** चौथो टेस्ट म्याचको अन्तिम दिन प्रतिस्पर्धा जारी छ।

**अन्त्यमा  यस बुलेटिनका प्रमुख समाचार पुन: एकपटक**

- **राजा चोल र राजेन्द्र चोलको नाम भारतको पहिचान र गौरवको पर्यायवाची भएको प्रधानमन्त्री नरेन्द्र मोदीको भनाइ**

- **आकाशवाणीमा मन की बात कार्यक्रममा आफ्ना विचारहरू साझा गर्दै भारतमा बनेका उत्पादनहरू किन्न र बेच्न मानिसहरूलाई प्रधानमन्त्री नरेन्द्र  मोदीको आग्रह**

- **उत्तराखण्डको हरिद्वारमा रहेको मनसा देवी मन्दिर जाने बाटोमा भागदौड हुँदा छ जनाको मृत्यु**

- **अनि जर्मनीको विश्वविद्यालय खेलकुदमा भारतीय धावक सीमा, पाँच हजार मिटर दौडमा पदक जित ेर इतिहास रच्न सफल**

**आकाशवाणीबाट सुन्दै हुनुहुन्थ्यो समाचार, पूरा भयो।**